# स्थानीय राजपत्र

## मालिकार्जुन गाउँपालिकाद्वारा प्रकाशित

खण्डः९ संख्याः३ मितिः २०८२।०५।१७

भाग–२

मालिकार्जुन गाउँपालिका


| कार्यपालिकाबाट स्वीकृत मिति | २०८२।०५।१२ |
|---|---|

## विद्यालय अनुदान कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० (तेस्रो संशोधन,२०८२)

**प्रस्तावनाः** स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धी अधिकार कार्यान्वयनका लागि मालिकार्जुन गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा कक्षागत तथा विषयगत शिक्षक दरबन्दीको अभाव न्यूनीकरण गर्न, योग तथा खेल सह प्रशिक्षक, विद्यालय कर्मचारी, छात्रवृत्ति, विद्यालय प्रोत्साहन अनुदान लगायतका विद्यालयमा जाने सबै प्रकारका अनुदानहरुलाई व्यवस्थित गरी गाउँपालिका भित्रका सामुदायिक

विद्यालयहरूमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्नका लागि  गाउँपालिकामा एक विद्यालय अनुदान कोष स्थापना गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान, २०७२ को धारा २२६ को उपधारा (१), स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) र मालिकार्जुन गाउँपालिकाको गाउँ शिक्षा ऐन, २०७९ को परिच्छेद (६), दफा (३०) उपदफा (५) ले दिएको अधिकार प्रयोग गरी मालिकार्जुन गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२।०५।१२ गतेको बैठकले यो कार्यविधिको दोस्रो संशोधन गरी जारी गरेको छ ।

## परिच्छेद - एक

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ: (**१) यो कार्यविधिको नाम "विद्यालय अनुदान कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०(तेस्रो संशोधन २०८२)" रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

**(क) "कार्यपालिका"** भन्नाले मालिकार्जुन गाउँपालिका दार्चुलाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

**(ख) "कार्यालय"** भन्नाले मालिकार्जुन गाउँपालिका दार्चुलाको कार्यालय सम्झनु पर्छ ।

**(ग) "दरबन्दी"** भन्नाले संघीय ससर्त अनुदानबाट तलब वा पारिश्रमिक उपलब्ध हुनेगरी विद्यालयमा रहेको स्वीकृत दरबन्दी, राहत दरबन्दीलाई समेत सम्झनुपर्छ ।

**(घ) "गाउँपालिका"** भन्नाले मालिकार्जुन गाउँपालिका दार्चुलालाई सम्झनुपर्छ ।

**(ङ) "स्थानीय राहत शिक्षक"** भन्नाले यसै कार्यविधि बमोजिम गाउँपालिकाले करार सम्झौता गरी नियुक्त गरेको  शिक्षक सम्झनुपर्छ ।

**(च) "गाउँ शिक्षा समिति "** भन्नाले  गाउँ शिक्षा ऐन, २०७९ बमोजिम गठन भएको गाउँ शिक्षा समिति सम्झिनु पर्दछ ।

**(छ) "प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले मालिकार्जुन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा सो काम गर्न तोकेको अधिकृत सम्झिनु पर्छ ।

**(ज) "शाखा"** भन्नाले मालिकार्जुन गाउँपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखा सम्झनु पर्छ ।

**(झ) "सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकार तथा स्थानीय तहबाट अनुमति/स्वीकृति लिई मालिकार्जुन गाउँपालिका क्षेत्रभित्र सञ्चालित भएका आधारभूत तथा माध्यमिक विद्यालय सम्झनु पर्छ ।

**(ञ) "विद्यालय कर्मचारी"** भन्नाले नेपाल सरकार तथा स्थानीय तहबाट स्वीकृत दरबन्दीमा कार्यरत विद्यालय सहायक तथा विद्यालय सहयोगी कर्मचारीलाई सम्झनु पर्छ ।

**(ट) "प्रशिक्षक"** भन्नाले सामुदायिक विद्यालयहरुमा स्थानीय तहबाट नियुक्त गरेका खेल तथा योग र कम्प्युटर प्रशिक्षकहरुलाई सम्झनु पर्छ ।

**(ठ) "छात्रवृत्ति"** भन्नाले सामुदायिक विद्यालयहरुमा प्राविधिक अध्ययन गर्ने विद्यार्थी तथा टुहुरा, गरिब तथा जेहेन्दार विद्यार्थीहरुका लागि गाउँपालिकाले वितरण गर्ने छात्रवृत्तिलाई सम्झनु पर्छ ।

## परिच्छेद – दुई

## विद्यालय अनुदान कोष सम्बन्धी व्यवस्था

३. विद्यालय अनुदान कोष: (१) सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्ध गर्न आवश्यक पर्ने कक्षागत तथा विषयगत शिक्षक, योग तथा खेल सह प्रशिक्षक, विद्यालय कर्मचारी, छात्रवृत्ति, विद्यालय प्रोत्साहन अनुदान र अन्य अनुदान उपलब्ध गराउन एक विद्यालय अनुदान कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन् ।

(क) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) नेपाल सरकारबाट र प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) विद्यालय अनुदान कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुख वा कार्यपालिकाले तोकेको अधिकृत कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(४) उपदफा (१) बमोजिमको विद्यालय अनुदान कोषको रकम तपसिल बमोजिमका शीर्षकबाहेक अन्य शीर्षकमा खर्च गर्न पाइनेछ ।

(क) स्थानीय राहत शिक्षकको पारिश्रमिक अनुदान,

(ख) योग तथा खेल सह प्रशिक्षक पारिश्रमिक अनुदान,

(ग) विद्यालय कर्मचारी पारिश्रमिक अनुदान,

(घ) साधारण तथा प्राविधिक धारमा अध्ययनरत विद्यार्थीको छात्रवृत्ति,

(ङ) विद्यालय प्रोत्साहन अनुदान,

(च) विद्यालयमा जाने अन्य विभिन्न अनुदान ।

(छ) विद्यालयमा जाने विभिन्न अनुदानका साथै कार्यविधि कार्यान्वयनका लागि आवश्यक पर्ने कुल अनुदान रकमको पाँच प्रतिशत नबढ्ने गरी प्रशासनिक खर्च व्यवस्थापन समेत ।

(५) उपदफा (१) बमोजिमको विद्यालय अनुदान कोषमा रकमको अभाव हुन नदिन गाउँपालिकाले समय-समयमा रकम जम्मा गर्न सक्नेछ ।

## परिच्छेद - तीन

## स्थानीय राहत शिक्षक कोटाका लागि विद्यालय छनौट, कोटा निर्धारण तथा वितरण सम्बन्धी व्यवस्था

४. विद्यालय छनौटका आधारहरु: स्थानीय राहत शिक्षकको कोटा वितरणका लागि विद्यालय छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्:-

(क) पछिल्लो पटक अनुमति लिएको कक्षामा कम्तिमा दुई शैक्षिक सत्रको पढाई भएको हुनुपर्ने ।

(ख) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन भएको हुनुपर्ने ।

(ग) नियमितरुपमा सामाजिक परीक्षण र लेखा परीक्षण भएको हुनुपर्ने ।

(घ) विद्यालय सुधार योजना अद्यावधिक गरेको हुनुपर्ने ।

(ङ) विद्यालयको वार्षिक कार्ययोजना तयार भएको हुनुपर्ने ।

(छ) विद्यालयले नियमितरुपमा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा तथ्याङ्क अद्यावधिक गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तोकेको वेबपेजमा अपलोड गरेको हुनुपर्ने ।

(ज) नियमावलीले तोकेअनुसार तहगत शिक्षक दरबन्दी नभएको हुनुपर्ने ।

(ञ) माथिका बुँदाहरूमा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि आधारभूत तथा माध्यमिक तहमा न्यूनतम विषयगत तथा कक्षागत दरबन्दी सुनिश्चत हुने गरी स्थानीय राहत कोटा वितरण गर्न बाधा पुऱ्याएको मानिने छैन ।

५. स्थानीय राहत शिक्षक कोटा निर्धारण गर्नु पर्ने: (१) विद्यालयगत रुपमा रहने स्थानीय राहत अनुदान कोटा निर्धारणका लागि तपसिल बमोजिमको स्थानीय राहत शिक्षक अनुदान कोटा निर्धारण तथा सिफारिस समिति रहने छ :-

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| (ख) आर्थिक प्रशासन शाखा प्रमुख | -सदस्य |
| (ग) शिक्षा शाखा प्रमुख | -सदस्य सचिव |

(२) स्थानीय राहत शिक्षक अनुदान कोटा निर्धारणका लागि सिफारिस गर्दा उपदफा (१) बमोजिमको समितिले देहायका प्रक्रिया अवलम्बन गर्नुपर्ने छ ।

(क) विद्यालयहरुबाट स्थानीय राहत शिक्षक कोटा मागका लागि कार्यालयले विद्यालयलाई पत्राचार गर्ने,

(ख) सूचना बमोजिम कोटा माग गर्ने विद्यालयहरूले दफा (३) बमोजिमका आधारहरु पूरा गरेको वा नगरेको सम्बन्धमा शाखाबाट सूचना लिने,

(ग) शाखाका सम्बन्धित विद्यालय हेर्ने अधिकृत कर्मचारीहरुबाट विद्यालयको अनुगमन गराई आवश्यक सूचना सङ्कलन गर्ने,

(३) स्थानीय राहत शिक्षक अनुदान कोटा निर्धारणका लागि उपदफा (१) बमोजिमको समितिले गरेको सिफारिसका आधारमा कार्यपालिकाले विद्यालयगत रुपमा तह र विषय खुलाई कोटा निर्धारण गरी वितरण गर्नेछ । तर त्यसरी कोटा निर्धारण गरी वितरण गर्नु पूर्व गाउँ शिक्षा समितिमा छलफल गरी गाउँ शिक्षा समितिको राय समेत कार्यपालिकामा पेश भएको हुनु पर्नेछ ।

## परिच्छेद - चार

## स्थानीय राहत शिक्षकको विज्ञापन तथा पदपूर्ति सम्बन्धी व्यवस्था

६. स्थानीय राहत शिक्षक अनुदान कोटामा पदपूर्तिका लागि विज्ञापन गर्नुपर्ने : (१) कार्यपालिकाबाट विद्यालयगत रुपमा तह र विषय खुलाई स्थानीय राहत शिक्षक कोटा निर्धारण भए पश्चात् उक्त कोटामा खुला प्रतियोगितात्मक परीक्षाद्वारा शिक्षक पदपूर्तिका लागि न्यूनतम सातदेखि पन्ध्र दिनको अवधि तोकी कार्यालयको वेभसाइट मार्फत सार्वजनिक रुपमा विज्ञापन गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम प्रकाशन हुने विज्ञापनमा देहायका व्यक्तिहरूले दरखास्त दिन सक्नेछन्:

(क) नेपाली नागरिक,

(ख) १८ वर्ष उमेर पुगेको,

(ग) मगज नबिग्रेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको,

(ङ) भविष्यमा सरकारी नोकरी एवं शिक्षक सेवाको लागि अयोग्य हुनेगरी सेवाबाट बर्खास्त नभएको,

(च) शिक्षक सेवा आयोगले तोकेको न्यूनतम शैक्षिक योग्यता र तालिम प्राप्त भएको,

(छ) अध्यापन अनुमतिपत्र प्राप्त गरेको,

(ज) ४० बर्ष ननाघेको ।

(३) उपदफा (१) बमोजिम प्रकाशन हुने विज्ञापनमा यो कार्यविधि प्रारम्भ हुँदाका बखतसम्म निरन्तर सेवा गरिरहेका स्वयम् सेवक शिक्षण सिकाइ सहजकर्ता अनुदानमा कार्यरत शिक्षकहरुलाई एक पटकको लागि उमेर हद लाग्ने छैन ।

(४) उपदफा (१) बमोजिम प्रकाशन हुने विज्ञापनमा शिक्षक सेवा आयोगको करार सूची रहेको व्यक्तिको दरखास्त पर्न आएमा अन्य दरखास्त स्वतः खारिज हुनेछन् ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि अंग्रेजी, गणित र विज्ञान विषयको तीन पटकसम्म विज्ञापन गर्दा पनि दरखास्त पर्न नआएमा न्यूनतम योग्यता भएको तर अध्यापन अनुमति पत्र नभएको व्यक्तिलाई पनि छनोट प्रक्रियामा सहभागी गराउन बाधा पुऱ्याएको मानिने छैन ।

७. पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रक्रिया : दफा (५) बमोजिम प्रकाशित विज्ञापन अन्तर्गतका कोटामा शिक्षक पदपूर्तिका लागि लिइने खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रणाली शिक्षक सेवा आयोगले अवलम्बन गरे बमोजिम हुनेछ ।

८. स्थानीय राहत शिक्षकको छनौट शिक्षक छनौट समितिले गर्ने: (१) यस कार्यविधि बमोजिम कार्यपालिकाबाट निर्धारण भई आधारभूत तथा माध्यमिक विद्यालयमा विषयगत आधारमा वितरण भएका स्थानीय राहत शिक्षक कोटामा पदपूर्ति गर्न देहायको शिक्षक छनौट समिति रहनेछ :-

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारी -संयोजक

(ख) गाउँपालिका अध्यक्षले तोकेका सम्बन्धित विषयका विषयविज्ञहरु - सदस्य

(ग) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) समितिले आवश्यकताका आधारमा थप विषयगत विशेषज्ञहरुलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) शिक्षक छनौट समितिका पदाधिकारी र आमन्त्रित सदस्यहरुले अर्थ मन्त्रालयको स्वीकृत बैठक भत्ताको दर बमोजिम बैठक भत्ता पाउनेछन् ।

(४) विषय विज्ञ तोक्दा गाउँपालिकाको विज्ञ सूचीमा रहेका विषय विज्ञहरुलाई प्राथमिकता दिनुपर्ने छ ।

(४) समितिको कार्य सञ्चालन तथा बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. शिक्षक छनोट समितिको काम, कर्तव्य र अधिकार : शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) यस कार्यविधि बमोजिम सामुदायिक विद्यालयहरूका लागि कार्यपालिकाले निर्धारण गरी वितरण भएको कोटामा स्थानीय राहत शिक्षक नियुक्ति गर्न प्रतियोगितात्मक परीक्षा सञ्चालनको लागि विज्ञापन प्रकाशन गर्ने,

(ख) स्थानीय राहत शिक्षक अनुदानमा शिक्षक छनौटका लागि लिखित परीक्षा र अन्तर्वार्ता सञ्चालन गर्ने,

(ग) लिखित परीक्षामा सफल भई अन्तर्वार्ता परीक्षामा सहभागी भएका उम्मेदवारहरुले प्राप्त गरेको कूल प्राप्ताङ्कका आधारमा उम्मेदवार छनौट गरी कोटा रहेको विद्यालयमा करार सम्झौताका लागि गाउँपालिकालाई सिफारिस गर्ने ।

१०. स्थानीय राहत शिक्षकको करार सम्झौता : राहत शिक्षक छनौट समितिले सिफारिस गरी पठाएको उम्मेदवारलाई गाउँपालिका कार्यालयले स्थानीय राहत शिक्षक अनुदानमा नियुक्त शिक्षकको रुपमा करार सम्झौता गरी खटाउनु पर्नेछ ।

## परिच्छेद - पाँच

## स्थानीय राहत शिक्षकको सेवा, शर्त, सुविधा र सजाय सम्बन्धी व्यवस्था

११. स्थानीय राहत शिक्षकको पारिश्रमिक तथा अन्य सुविधा: (१) यस कार्यविधि बमोजिम नियुक्त हुने शिक्षकलाई तलब भत्ता तथा अन्य सेवा सुविधा भुक्तानीको लागि एक विद्यालय अनुदान कोष रहने छ ।

(२) उपनियम १ बमोजिम स्थापना हुने कोषमा गाउँपालिकाले बार्षिक बजेट तर्जुमा गर्दा आवश्यक रकम अनुदान स्वरुप उपलब्ध गराइने छ ।

(३) स्थानीय राहत शिक्षक अनुदानमा कार्यरत शिक्षकलाई माध्यमिक तह (११-१२) को हकमा मासिक रु ३५,०००। (पैंतीस हजार मात्र), माध्यमिक तह (९-१०) को हकमा मासिक रु ३०,०००। (तीस हजार मात्र), आधारभूत तह (६-८) को हकमा रु २५०००। (अक्षरेपि पच्चीस हजार मात्र) र आधारभूत तह (१-५) को हकमा रु २००००। (अक्षरेपि बीस हजार मात्र) का दरले बाह्र महिनाको पारिश्रमिक र वर्षको एक पटक पोशाक भत्ता उपलब्ध गराइनेछ ।

(४) स्थानीय राहत शिक्षकको मासिक पारिश्रमिक विद्यालयबाट पेश हुने माग फाराम तथा प्रमाणित हाजिरीका आधारमा र पोशाक वापतको रकम तेस्रो त्रैमासिक अवधिमा शिक्षकको बैंक खाता मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१२. स्थानीय राहत शिक्षक उपदान कोष: (१) सामुदायिक विद्यालयका निर्धारित कोटामा कार्यरत गाउँपालिका राहत शिक्षकहरूको उपदानका लागि एक छुट्टै राहत शिक्षक उपदान कोष रहने छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन् ।

(क) गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) नेपाल सरकारबाट र प्रदेशसरकारबाट प्राप्त अनुदान रकम,

(ग) राहत शिक्षकहरुको मासिक पारिश्रमिकको दश प्रतिशतका दरले जम्मा हुने रकम,

(३) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) राहत शिक्षक उपदान कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुख वा कार्यपालिकाले तोकेको अधिकृत कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(४) राहत शिक्षक उपदान कोषको रकम गाउँकार्यपालिकाले तोके बमोजिम राहत शिक्षक सेवाबाट अवकाश हुँदा दिइने उपदान बाहेक अन्य कार्यमा खर्च गर्न पाइने छैन ।

१३. गाउँपालिका राहत शिक्षकको काज तथा विदा : (१) स्थानीय राहत शिक्षकले पाउने विदा र विदा स्वीकृति सम्बन्धी प्रक्रिया संघीय राहत कोटामा कार्यरत राहत शिक्षक सरह हुनेछ ।

१४. गाउँपालिका राहत शिक्षकले पालना गर्नुपर्ने आचार संहिता: स्थानीय राहत शिक्षकले देहाय बमोजिमको आचार संहिता पालना गर्नु पर्नेछ :-

(क) विद्यालयसँग भएको करार सम्झौता अनुरूपको कार्य इमानदारीपूर्वक सम्पन्न गर्ने,

(ख) निर्धारित समयमा नियमित रूपले विद्यालयमा आएको र गएको समय जनाई हाजिरी गर्ने,

(ग) विदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित नहुने,

(घ) शिक्षक, विद्यार्थी र समुदायमा कुनै भाषा, धर्म तथा सम्प्रदाय विरोधी भावना फैलाउन नहुने,

(ङ) गाउँपालिकाको नीति तथा कानून प्रतिकूल हुने कुनै कार्य नगर्ने,

(च) कुनैपनि राजनीतिक दलको गतिविधिमा संलग्न नहुने,

(छ) इमान्दार, शिष्ट, नम्र, पारदर्शी र सदाचारी व्यवहार अवलम्बन गर्ने ।

१५. गाउँपालिका राहत शिक्षकलाई हुन सक्ने सजाय :(१) उचित र पर्याप्त कारण भएमा गाउँपालिका राहत शिक्षकलाई देहायको सजाय हुन सक्नेछ :-

(क) नसिहत दिने,

(ख) बढीमा एक त्रैमासिक अवधिको तलब रोक्का गर्ने,

(ग) भविष्यमा गाउँपालिका राहत शिक्षकको नोकरीको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने,

(घ) भविष्यमा गाउँपालिका राहत शिक्षकको नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट हटाउने,

(२) विद्यालय आउने जाने समय पालना नगरेमा गाउँपालिका राहत शिक्षकलाई नसिहत दिन सकिनेछ ।

(३) अनुशासनहिन काम गरेमा, बराबर विद्यालयको समय पालना नगरेमा, आचरण सम्बन्धी नियम उल्लङ्घन गरेमा गाउँपालिका राहत शिक्षकलाई बढीमा एक त्रैमासिक अवधिको पारिश्रमिक रोक्का गरिने छ ।

(४) पदीय दायित्व पूरा नगरेमा, विना सूचना सात दिनभन्दा बढी अवधि विद्यालयमा अनुपस्थित रहेमा, विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा, विद्यालय समयमा अन्यत्र अध्यापन गरेमा वा कुनै व्यावसायिक क्रियाकलापमा सहभागी भएमा, राजनैतिक दलको सदस्यता लिएर वा नलिएर राजनैतिक दलको क्रियाकलापमा संलग्न रहेको पाइएमा भविष्यमा गाउँपालिका राहत शिक्षकको नोकरीको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिने छ ।

(५) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा, भ्रष्टाचार गरेमा, भविष्यमा गाउँपालिका राहत शिक्षकको नोकरीको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट हटाउन सकिने छ ।

(६) गाउँपालिका राहत शिक्षकलाई नसिहत दिने र बढीमा एक त्रैमासिक अवधिको तलब रोक्का गर्ने सजाय विद्यालय व्यवस्थापन समिति तथा भविष्यमा गाउँपालिका राहत शिक्षकको नोकरीको निमित्त अयोग्य नठहरिने र ठहरिने गरी सेवाबाट हटाउने सजाय गाउँ शिक्षा समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

## परिच्छेद - छ

## विद्यालय सहायक कर्मचारी सम्बन्धी व्यवस्था

१६. विद्यालय सहायक कर्मचारी नियुक्त गर्न सक्नेः गाउँपालिकाले विद्यालय अनुदान कोषबाट पारिश्रमिक भुक्तानी हुनेगरी आवश्यकताको आधारमा आधारभूत तथा माध्यमिक विद्यालयहरुमा विद्यालय कर्मचारीको कोटा उपलब्ध गराउन सक्नेछ ।

१७. विद्यालय सहायक कर्मचारीको कोटा निर्धारण सम्बन्धी मापदण्डः (१) विद्यालय सहायक कर्मचारीको कोटा निर्धारण तपसिलका आधारमा गरिने छ ।

क) कम्तिमा तीन शैक्षिक सत्र नियमित विद्यालय सञ्चालन भएको हुनुपर्ने,

ख) आधारभूत तह (६-८) र माध्यमिक तह (९-१० तथा ९-१२) सञ्चालित विद्यालय हुनुपर्ने,

ग) विद्यालय सहायक कर्मचारी नभएका आधारभूत तह (६-८) सञ्चालित विद्यालयहरु,

घ) माध्यमिक विद्यालयमा एउटा मात्र विद्यालय सहायक कर्मचारी भएका विद्यालयहरु ।

१८. विद्यालय सहायक कर्मचारीको छनौट कार्यविधिको दफा ८ बमोजिमको समितिले गर्नेछ । छनौट सम्बन्धी अन्य प्रक्रिया समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१९. विद्यालय सहायक कर्मचारीको पारिश्रमिक नेपाल सरकारले निर्धारण गरेको न्यूनतम ज्यालामा नघट्ने गरी उपलब्ध गराउनु पर्नेछ ।

१९ (क). बालबिकास सहजकर्ता नियुक्त गर्न सक्नेः गाउँपालिकाले विद्यालय अनुदान कोषबाट पारिश्रमिक भुक्तानी हुनेगरी आवश्यकताको आधारमा आधारभूत तथा माध्यमिक विद्यालयहरुमा बालविकास सहजकर्ताको कोटा उपलब्ध गराउन सक्नेछ ।

१९(ख). बालबिकास सहजकर्ता कोटा निर्धारण सम्बन्धी मापदण्डः (१) बालबिकास सहजकर्ता कोटा निर्धारण तपसिलका आधारमा गरिने छ ।

क) बालबिकास सहजकर्ता नभएका आधारभूत तथा माध्यमिक तह सञ्चालित विद्यालयहरु

ख) गाउँपालिकाले अनुमति दिएर खोलेका विद्यालयहरु

१९(ग). बालबिकास सहजकर्ता छनौट सम्बन्धी व्यवस्था मालिकार्जुन गाउँ शिक्षा ऐन तथा नियमावली बमोजिम हुनेछ । छनौट सम्बन्धी अन्य प्रक्रिया समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१९(घ). बालबिकास सहजकर्ताको पारिश्रमिक नेपाल सरकारले निर्धारण गरेको न्यूनतम ज्यालामा नघट्ने गरी उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद - सात

## कम्प्युटर प्रशिक्षक सम्बन्धी व्यवस्था

२०. कम्प्युटर प्रशिक्षक नियुक्त गर्न सक्नेः गाउँपालिकाले विद्यालय अनुदान कोषबाट पारिश्रमिक भुक्तानी हुनेगरी आवश्यकताको आधारमा आधारभूत तथा माध्यमिक विद्यालयहरुमा कम्प्युटर प्रशिक्षकको कोटा उपलब्ध गराउन सक्नेछ ।

२१. कम्प्युटर प्रशिक्षकको कोटा निर्धारण सम्बन्धी मापदण्ड तपसिल अनुसार हुनेछः

क) विद्यालयमा कम्प्युटर ल्याब हुनुपर्ने,

ख) उल्लेख्य विद्यार्थी संख्या भएको,

ग) कार्यविधिको दफा ३ को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमको आधारहरु पूरा गरेको ।

२२. कम्प्युटर प्रशिक्षकको छनौट कार्यविधिको दफा ८ बमोजिमको समितिले गर्नेछ । छनौट सम्बन्धी अन्य प्रक्रिया समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२३. कम्प्युटर प्रशिक्षकको पारिश्रमिक नेपाल सरकारले निर्धारण गरेको न्यूनतम ज्यलामा नघट्ने गरी उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद - आठ

## योग तथा खेल सह प्रशिक्षक नियुक्ति सम्बन्धी व्यवस्था

२४. योग तथा खेल सह प्रशिक्षक नियुक्त गर्न सक्नेः गाउँपालिकाले विद्यालय अनुदान कोषबाट पारिश्रमिक भुक्तानी हुनेगरी प्रत्येक माध्यमिक विद्यालयहरुमा योग तथा खेल सह प्रशिक्षकको कोटा उपलब्ध गराउन सक्नेछ ।

२५. योग तथा खेल सह प्रशिक्षकको कोटा निर्धारण सम्बन्धी मापदण्ड तपसिल अनुसार हुनेछः

क) विद्यालयले पछिल्लो दुईवटा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागिता जनाएको हुनुपर्ने,

ख) कार्यविधिको दफा ३ को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमको आधारहरु पूरा गरेको ।

२६. योग तथा खेल सह प्रशिक्षकको छनौट सम्बन्धी व्यवस्था मालिकार्जुन गाउँ शिक्षा ऐन तथा नियमावली बमोजिम हुनेछ ।

२७. योग तथा खेल सह प्रशिक्षकको पारिश्रमिक नेपाल सरकारले निर्धारण गरेको न्यूनतम ज्यालामा नघट्ने गरी उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद - नौ

## छात्रवृत्ति सम्बन्धी व्यवस्था

२८. प्राविधिक शिक्षा छात्रवृत्तिका लागि कोटा निर्धारणः (१) प्राविधिक शिक्षा छात्रवृत्तिको लागि गाउँपालिकाले हरेक वर्ष प्रत्येक वडाका लागि एक जनाको सिट निर्धारण गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको छात्रवृत्ति यस गाउँपालिका अन्तर्गत रहेको मालिकार्जुन माध्यमिक विद्यालय मडमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट (CTEVT) सञ्चालित तीन वर्षे ओभरसियर कार्यक्रम अन्तर्गत अध्ययन गर्ने विद्यार्थीले प्राप्त गर्नेछन् ।

२९. प्राविधिक शिक्षा अध्ययन छात्रवृत्तिको लागि दरखास्त आह्वानः (१) हरेक वर्ष प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीका लागि गाउँपालिकाले दरखास्तको लागि १५ दिनको सूचना आह्वान गर्ने छ ।

(२) विद्यार्थीले उपदफा (१) बमोजिमको सूचनामा निवेदन दिँदा निज विद्यार्थीको शैक्षिक योग्यताको प्रमाणपत्र, सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र र प्राविधिक विद्यालयमा छनोट भएको सिफारिसपत्र संलग्न राखी पेस गर्नुपर्ने छ ।

(३) दफा (१) बमोजिम तोकिएको समयावधिभित्र प्रत्येक वडाहरुबाट एक/एक जनाको मात्र निवेदन पर्न आएमा विद्यार्थी छनोटका लागि प्रतिस्पर्धा गराउनु पर्ने छैन तर एउटा वडाबाट एक भन्दा बढी निवेदन पर्न आएमा SEE परीक्षामा उच्चतम GPA ल्याउने विद्यार्थीलाई छनोट गरिने छ ।

३०. छात्रवृत्तिको रकम सम्बन्धी व्यवस्थाः (१) प्राविधिक शिक्षा छात्रवृत्तिको रकम प्रत्येक वर्ष जनही रु ५०,०००।(अक्षरेपि पचास हजार) का दरले कार्यक्रमको अवधि तीन वर्षसम्म सम्बन्धित विद्यालयको खातामा निकासा दिइने छ ।

(२) दफा (२९) बमोजिम छनोट भएको विद्यार्थीले प्राविधिक शिक्षालयको अध्ययन छाडेमा वा तोकिएको क्रिडेट आवर पूरा नहुने गरी अनुपस्थित रहेमा उक्त रकम पाउने छैन ।

(३) यस दफामा माथि जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि देहायको अवस्थामा विद्यार्थीले प्राविधिक छात्रवृत्ति प्राप्त गर्न सक्ने छैनन् ।

(क) विद्यार्थी अनुत्तीर्ण नभएमा,

(ख) आमा र बाबु वा कुनै एक जना सरकारी राज्यकोषबाट तलबभत्ता खाने कर्मचारी भएमा,

(ग) आमा वा बुवा सरकारी सेवाबाट अलग भई नियमित निवृत्तिभरण खाइरहेको भएमा ।

३१. प्राविधिक शिक्षा छात्रवृत्ति सम्बन्धी विशेष व्यवस्थाः यो कार्यविधि जारी हुनु पूर्व शैक्षिक सत्र २०७९ मा मालिकार्जुन माध्यमिक विद्यालय मडमा प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुका लागि यस कार्यविधिमा उल्लेख भएअनुसारको छात्रवृत्ति पहिलो पटकको लागि प्राविधिक धारको इन्ट्रान्स परीक्षा उत्तीर्ण हुने मालिकार्जुन गाउँपालिका स्थायी ठेगाना भएका साथै यो कार्यविधि जारी हुनुभन्दा पूर्व शिक्षा युवा तथा खेलकुद शाखामा सम्बन्धित वडा कार्यालयको सिफारिस सहित निवेदन दिएका सबै (७ जना) विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराइनेछ ।

३२. यस कार्यविधिमा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि प्राविधिक धार सञ्चालनमा रहेका अन्य विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई र साधारणधारमा सञ्चालित विद्यालयहरुमा अध्ययनरत टुहुरा, गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्ति दिन बाधा पुर्‍याएको मानिने छैन ।

## परिच्छेद - दश

## विविध

३३. विद्यालय प्रोत्साहन अनुदान सम्बन्धी व्यवस्थाः (१) सामुदायिक विद्यालयहरुमा उत्कृष्ठ नतिजा ल्याउने आधारभूत तथा माध्यमिक विद्यालयलाई गाउँपालिकाले विद्यालय प्रोत्साहन अनुदान दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुदान वितरणका लागि देहायबमोजिमको मापदण्डमा रही विद्यालय छनोट गरिनेछ ।

(क) आधारभूत शिक्षा उत्तीर्ण परीक्षामा (BEE) सर्वोत्कृष्ठ नतिजा ल्याउने आधारभूत ६-८ सञ्चालित विद्यालय

(ख) माध्यमिक शिक्षा परीक्षा (SEE) परीक्षामा सर्वोत्कृष्ठ नतिजा माध्यमिक विद्यालय

(३) उपदफा (१) बमोजिमको विद्यालय प्रोत्साहन अनुदानको रकम आधारभूत तथा माध्यमिक विद्यालयलाई क्रमशः १,००,०००। (अक्षरेपि एक लाख मात्र) र २,००,०००। (अक्षरेपि दुई लाख मात्र) प्रदान गरिने छ ।

३४. प्रारम्भिक बाल विकास कोटा सम्बन्धी व्यवस्थाः (१) गाउँपालिकाभित्र सञ्चालित विद्यालयहरुमा संघीय सरकारबाट प्रारम्भिक बालविकास कोटा नभएका सामुदायिक विद्यालयहरुमा गाउँपालिकाले प्रारम्भिक बालविकास कोटा उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वितरण भएको बालविकास कोटामा सहजकर्ता छनोट र भर्ना सम्बन्धी व्यवस्था शिक्षा नियमावलीमा उल्लेख भएबमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कोटामा नियुक्त हुने सहजकर्ताको पारिश्रमिक नेपाल सरकारले प्रारम्भिक बाल विकास सहजकर्तालाई उपलब्ध गराउने अनुदान सरह हुनेछ ।

३५. खेलकुदका लागि सामुदायिक विद्यालयलाई दिने अनुदान सम्बन्धी व्यवस्थाः (१) गाउँपालिकाले सामुदायिक विद्यालयहरुलाई राष्ट्रपति रनिङ शिल्ड खेलकुद तथा अन्य खेलकुद प्रतियोगिताहरुको लागि आवश्यकता अनुसार अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुदान कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

३६. दिवा खाजाको भान्से व्यवस्थापन अनुदान सम्बन्धी व्यवस्थाः (१) गाउँपालिकाले सामुदायिक विद्यालयहरुलाई दिवा खाजाको भान्से व्यवस्थापनका लागि आवश्यकता अनुसार अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुदान कार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ ।

३७. बचाउ र लागू हुने: (१) यो कार्यविधि जारी हुनु भन्दा पहिलेका आर्थिक वर्षहरूमा गाउँपालिकाको बार्षिक नीति, कार्यक्रम तथा बजेट मार्फत विनियोजन भई शिक्षण सहजकर्ता शिक्षकहरूका लागि विद्यालयहरूमा निकासा गरिएको पारिश्रमिक वा थप पारिश्रमिक वापतको रकम यसै कार्यविधि बमोजिम निकासा भएको मानिने छ ।

(२) यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि बमोजिम र उल्लेख नभएको विषयमा गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

३८. बाधा अड्काउ फुकाउने अधिकार:- यस कार्यविधिको उद्देश्य कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ कार्यपालिकाले हटाउन स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी आदेश निकाल्न सक्नेछ र त्यस्तो आदेश यसै कार्यविधिमा परे सरह मानिने छ ।

अनुसुची १

विज्ञापन ढाँचा

विज्ञापन अह्वान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०४/१५

मालिकार्जुन गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८०/०४/१२ को निर्णयानुसार यस मालिकार्जुन गाउँपालिका अन्तरगतका आधारभूत (कक्षा ६-८) तथा माध्यमिक (कक्षा ९ -१०) तहका विद्यालयहरुमा तपसिल बमोजिमको तह, विषय र संख्यामा खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थानीय राहत अनुदान कोटामा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक उमेद्वारहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र मालिकार्जुन गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा निर्धारित ढाँचामा तोकिएका सम्पूर्ण कागजात संलग्न राखी दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

| आधारभूत तह (६-८) | | | | | | |
|---|---|---|---|---|---|---|
| | विज्ञापन नं. ⏭ | | | | | |
| | विषयहरु ⏭ | नेपाली | अंग्रेजी | गणित/विज्ञान | विज्ञान | सामाजिक |
| क्र.सं. | विद्यालयहरुको नाम ▼ | | | | | |
| १ | श्री राष्ट्रिय मावि ठिङ | - | - | - | - | - |
| २ | श्री लटिनाथ आवि बसेडी | - | - | - | - | - |
| जम्मा | | - | - | - | - | - |

| माध्यमिक तह (९-१०) | | | | | | |
|---|---|---|---|---|---|---|
| | विज्ञापन नं ⏭ | | | | | |
| | विषयहरु ⏭ | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक |
| क्र.सं. | विद्यालयहरुको नाम ▼ | | | | | |
| १ | श्री निलपातालेश्वर मावि भर्तोला | - | - | - | - | - |
| २ | श्री राष्ट्रिय मावि ठिङ | - | - | - | - | - |
| जम्मा | | - | - | - | - | - |

(१) परीक्षाको किसिमः लिखित परीक्षा (सामान्य र विषयगत) र अन्तर्वार्ता

(२) परीक्षा सञ्चालनः

(३) परीक्षा केन्द्रः

(४) दरखास्त दस्तुरः आधारभूत तह (६-८) को लागि रु ७०० (सात सय मात्र) र माध्यमिक तह (९-१०) को लागि रु १००० (एक हजार मात्र) ।

(५) पाठ्यक्रमः शिक्षक सेवा आयोगले तोकेबमोजिम हुनेछ ।

(६) दरखास्त दिने अन्तिम मितिः

(७) उमेद्वारको उमेर हदः दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ४० वर्ष ननागेको हुनुपर्नेछ ।

(८) उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यताः

क) नेपाली नागरिक

ख) शिक्षक सेवा आयोग निवयमावली (संशोधनसहित), २०५७ को नियम १० बमोजिम अयोग्य नभएको

ग) आधारभूत तह (कक्षा ६-८) का लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षा (कम्तीमा २०० पूर्णाङ्क वा ८ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पूरा गरेको र माध्यमिक (कक्षा ९-१०) तहका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक वा सो सरहको परीक्षा (कम्तीमा ३०० पूर्णाङ्क वा १२ क्रेडिट आवर) उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम पूरा गरेको ।

तर अंग्रेजी, गणित, विज्ञान विषयहरुको हकमा तालिम नलिए पनि यस विज्ञापन बमोजिम शिक्षक पदको उम्मेदवार हुन सक्नेछन् ।

घ) सामाजिक विषय अन्तर्गत अर्थशास्त्र, इतिहास, ग्रामीण विकास, भूगोल, नागरिकशास्त्र, राजनीतिकशास्त्र, दर्शनशास्त्र, नीतिशास्त्र, मनोविज्ञान मानवशास्त्र, वातावरण शिक्षा, स्वास्थ्य शिक्षा, शारीरिक शिक्षा, संस्कृती, समाजशास्त्र, जनसङ्ख्या शिक्षा, र स्वास्थ्य तथा शारीरिक शिक्षा विषयहरु पर्दछन् ।

ङ) गणित/विज्ञान विषयको हकमा गणित र विज्ञान दुबै विषयमा २००/२०० पूर्णाङ्क लिई प्रकरण (ख) बमोजिम योग्यता पुगेको हुनुपर्नेछ ।

च) माध्यमिक/निम्नमाध्यमिक तहको अध्यापन अनुमति पत्र प्राप्त गरेको ।

(९) पेस गर्नुपर्ने कागजातहरु

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख) न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि

ग) अध्यापन अनुमति पत्रको प्रतिलिपि

घ) तालिमको प्रमाणपत्रको प्रतिलिति

ङ) समकक्षता प्रमाणपत्रको प्रतिलिपि (विदेशी शिक्षण संस्थाबाट अध्ययन गरेका उम्मेदवारहरुको हकमा)

च) उम्मेदवारले हालसालै खिचेको पासपोर्ट साइज फोटो २ प्रति ।

(१०) सेवा सुविधाः

## अनुसूचि -२

## करार सम्झौताको ढाँचा

श्री मालिकार्जुन गाउँपालिका तथा स्थानीय राहत शिक्षक श्री.................. बीच भएको करारनामा

श्री मालिकार्जुन गाउँपालिका, दार्चुला (यसपछि पहिलो पक्ष भनिएको) र ................................ निवासी श्री ............. को नाति श्री ......................को छोरा श्री.........................(यसपछि दोस्रो पक्ष भनिएको) बीच देहायका शर्तहरुको अधीनमा रही दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उवलब्ध गराउन मञ्जुर भई यो सम्झौता गरी एक/एक प्रति एक आपसमा बुझी लायौं दियौं ।

१. जिम्मेवारीः दोस्रो पक्षले पहिलो पक्षको आवश्यक्तानुसार खटाएको स्थान र समयमा स्थानीय राहत अनुदान शिक्षकको रुपमा कार्यरत भई काम गर्नु पर्ने छ ।

२. काम गर्नुपर्ने स्थान र समयः सार्वजनिक बिदाको दिन बाहेक अन्य दिनहरुमा मालिकार्जुन गाउँपालिका वडा नं. ...........मा सञ्चालित श्री......................विद्यालय ...... दार्चुलामा प्रधानाध्यापकको मातहतमा रही खटाइएको स्थानमा तोकिएको जिम्मेवारी निर्वाह गर्नुपर्ने छ ।

३. सम्झौता अवधिः करार सेवा अवधि मिति.........गतेवाट लागु भई ............ सम्म कायम रहनेछ । दोस्रो पक्षले शारीरिक वा मानसिक अवस्थाको कारण सेवा उपब्ध गराउन असमर्थ भएमा वा कार्यसम्पादन सन्तोषजनक नभएमा वा पालन गर्नुपर्ने आचरणहरु पालना नगरेमा सम्झौता तुरुन्त रद्ध गरिनेछ । यस्तो अवस्थामा सम्झौता बुँदा नं. ८ आकर्षित हुने छैन ।

४. पारिश्रमिकः यस करारनामा बमोजिम सेवा प्रदान गरेवापत कार्यालयबाट हाजिरी प्रमाणित भएपछि पहिलो पक्षले दास्रो पक्षलाई आधारभूत (प्रारम्भिक बालशिक्षा देखि कक्षा ८) / माध्यमिक तहको पारिश्रमिक रु....................../-(अक्षरुपी..............) मासिक रुपमा प्रदान गर्नेछ । सम्झौतामा उल्लेख भएभन्दा बढी रकमको दावी दास्रो पक्षले गर्न पाउने छैन ।

५. आचरणः दोस्रो पक्षले सेवा सम्वन्धी प्रचलित कानुनमा व्यवस्था भएका आचरण सम्वन्धी कुराहरु पालना गर्नुपर्नेछ । कानुन बमोजिम गोप्य राख्नुपर्ने गोप्य कुरा वा कागजात कुनै अनाधिकृत व्यक्ति वा संस्थालाई उपलब्ध गराएको प्रमाणित भएमा सेवाबाट हटाई क्षतिपूर्ति दोस्रो पक्षले पहिलो पक्षलाई दिनुपर्नेछ । दोस्रो पक्षले विद्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेको प्रमाणित भएमा सोको क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोस्रो पक्षले पहिलो पक्षलाई दिनुपर्नेछ ।

६. समझदारी : प्रथम पक्ष र दोस्रो पक्षबीच यस सम्झौतासँग सम्बन्धित विषयमा विवाद उत्पन्न भएमा आपसी सहमतिद्वारा विवाद समाधान गरिनेछ ।

७. सम्झौता भङ्गः सम्झौता भङ्ग गर्नु परेमा पहिलो पक्षले कम्तिमा ७ दिन र दास्रो पक्षले कम्तिमा १ महिना अगाडि लिखित रुपमा सूचना दिनुपर्नेछ ।

| | |
|---|---|
| पहिलो पक्ष | दोस्रो पक्ष |
| नामः | नामः |
| ठेगानाः | ठेगानाः |
| हस्ताक्षरः | हस्ताक्षरः |

कार्यालय श्री ....

अनुसुची ३

नियुक्तिको ढाँचा

प.सं.......... मितिः.............

च.नं........

विषयः करार नियुक्ती ।

श्री..........................,

.................................. ।

तपाइलाई यस गाउँपालिकाको विज्ञापन नं ........./..... आधारभूत/माध्यमिक तहको स्थानीय राहत शिक्षक पदको लागि शिक्षक छनौट समितिको मिति........... को निर्णयानुसार देहायको पदमा नियुक्त गरिएको छ । प्रचलित कानुनको पालना गरी प्रधानाध्यापकको अधिनमा रही कार्यविवरणमा तोकिएको र आवश्यक्तानुसार थप जिम्मेवारी समेत प्रभावकारी रुपमा निर्वाह गर्नुहोला ।

स्थानीय राहत शिक्षक पदका लागि सिफारिश भई नियुक्त हनुभएकोमा हार्दिक बधाई छ ।

| | |
|---|---|
| पदः | स्थानीय राहत |
| तहः | आधारभूत/माध्यमिक |
| विषयः | ......................... |
| पारिश्रमिकः | करार सम्झौतामा उल्लेख भए अनुसार |

.....................................

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री ............................................।

श्री .............................................।

पासपोर्ट साइजको फोटो

अनुसूची ४

## स्थानीय राहत शिक्षक पदका लागि दरखास्त फाराम

| | |
|---|---|
| कार्यालय प्रयोजनको लागि<br>परीक्षार्थीको रो. नं. | विज्ञापन नं. |

| | | | |
|---|---|---|---|
| नामः (नेपालीमा) | | लिङ्गः | |
| नामः (अंग्रेजीमा) | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| नागरिकता नं. | | जारी गर्ने जिल्लाः | | जारी मितिः | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| स्थायी ठेगानाः | प्रदेश | | जिल्ला | | गापा/नपा | | |
| | वडा | | टोल | | सम्पर्क नं. | | |

| | | | |
|---|---|---|---|
| बाबुको नाम थरः | | बाबुको पेसाः | |
| आमाको नाम थरः | | आमाको पेसाः | |
| जन्ममितिः | | दरखास्त दिने मितिमा आवेदकको उमेरः | |

शैक्षिक योग्यताको विवरणः

| क्र.सं. | अध्ययन गरेको संस्थाको नाम | उत्तीर्ण गरेको | | | कुल प्राप्ताङ्क | प्रतिशत | मख्य विषयहरु |
|---|---|---|---|---|---|---|---|
| | | तह | साल | श्रेणी | | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |

तालिमको विवरण

| क्र.सं. | तालिम दिने संस्थाको नाम | तालिमको नाम | विषय | उत्तीर्ण साल | श्रेणी | प्रतिशत | तालिमको अवधि |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |

| | |
|---|---|
| दरखास्त दिन चाहेको तहः | दरखास्त दिन चाहेको विषयः |

माथि लेखेको विवरण साचो हो, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला भनी हस्ताक्षरः

.............................................................................................................................................................................................

...................

**प्रवेश पत्र**

पासपोर्ट साइजको फोटो

विज्ञापन नं.      तहः

नामः      लिङ्ग

ठेगानाः      उमेद्वारको दस्तखतः

परीक्षा केन्द्रः विषयः

परीक्षा हुने मितिः समयः

| शिक्षा युवा तथा खेलकुद शाखाले भर्ने | | | |
|---|---|---|---|
| मालिकार्जुन गाउँपालिकाबाट लिइने स्थानीय राहत अनुदान कोटा परीक्षामा सहभागी हुनका लागि तपाईलाई यो प्रवेश पत्र दिइएको छ । विज्ञापनमा तोकिएको सर्त नपुगेको ठहर भएमा यो प्रवेश पत्र रद्द हुनेछ । | | | |
| रो नं. | परीक्षा केन्द्रः | कर्मचारीको दस्तखतः | कार्यालयको छापः |

आज्ञाले

नर बहादुर ठगुन्ना

प्रमुख प्रशासकीय अधिकृत